"कृषि, रोजगारी, शिक्षापर्यटन ,स्वास्थ्य ,, पूर्वाधार

जगदुल्ला गाउँपालिकाको दिगो विकासको मूल आधार "

# जगदुल्ला गाउँपालिकाको गाउँसभाको

**२० औं अधिवेशनमा उपाध्यक्ष श्री अमृता लामाले प्रस्तुत गर्नुभएको**

## आर्थिक वर्ष २०८३को ०८४/

# बजेट वक्तव्य

गरिमामय गाउँसभाका अध्यक्ष महोदय,

गाउँसभाका सदस्यज्यूहरू,

उपस्थित सम्पूर्ण महानुभावहरू

कर्मचारी साथीहरू, संचारकर्मी मित्रहरूलाई जगदुल्ला गाउँपालिकाको गाउँसभाको २० औं अधिवेशनमा मेरो व्यक्तिगत तर्फबाट तथा जगदुल्ला गाउँपालिका परिवारको तर्फबाट हार्दिक नमस्कार ।

१. यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८३ को ०८४/राजस्व, आय व्यय अनुमान सहितको बजेट व्यक्तव्य प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ ।

२. नेपालको सार्वभौमसत्तास्वाधीनता ,, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र सामाजिक न्याय र समृद्धिको मार्गचित्र कोर्न विभिन्न कालखण्डमा भएका अन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरू प्रति हार्दिक सम्मान गर्दै भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु। त्यस्ता आन्दोलनमा नेतृत्व गर्नु हुने अग्रजहरू प्रति उच्च सम्मान व्यक्त गर्दछु । नेपाली समाजको रुपन्तरणमा उहाँहरूले पुर्याउनु भएको योगदानको पुनः स्मरण गर्न  चाहन्छु । त्यसैगरी यस गाउँपालिका वडा नं ३ निवासी कार्यपालिका सदस्य श्री मरे कामीको असामयिक निधनप्रति भावपुर्ण श्रद्धाजलि  अर्पण गर्दछु साथै निजको परिवार प्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन भनी प्रार्थना गर्दछु ।

३. लामो समयको नेपाली जनताको संघर्षबाट जनताको चाहना अनुरुप संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापना भएको छ । लोकतान्त्रिक व्यवस्था र प्रणालीको बलियो जग राख्न हाम्रो भूमिका महत्वपूर्ण रहेको छ । समृद्ध नेपालः सुखी नेपाली हाम्रो राष्ट्रिय अभियानलाई सार्थकता दिंदै **जगदुल्ला दीगो विकासको मुल आधार सुशासन, समृद्धि र प्रयाप्त पूर्वाधार** हाम्रो अभियानलाई सार्थक बनाउन हामी निरन्तर प्रयत्नरत छौं । यस अभियानमा सम्पूर्ण महानुभावहरुको रचनात्मक र सकारात्मक सहयोगको अपेक्षा गर्दछु ।

४. हामी निर्वाचित भएर जनताको सुखःदुखमा हातेमालो गर्दै विकासको लहरमा समाहित भएको पाँच वर्ष पार भइसकेको छ । जगदुल्लाको समृद्धिको अभियानमा महत्वपूर्ण  भुमिका निर्वाह गर्नु हुने सम्पुर्ण गाउँसभाका सदस्य, आम नागरिक, बुद्धिजिवी, उद्यमी, व्यवसायी, राष्ट्रसेवक प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । जगदुल्लाको सर्वाङ्गीण विकासका लागि गाउपालिकालाई

अग्रगामी पथमा लैजान प्रदर्शकको भुमिका निर्वाह गर्नुहुने सम्पुर्ण आदरणीय अग्रजहरुको योगदानको उच्च सम्मान व्यक्त गर्दछु ।

५. जगदुल्लाका जनताको अपार तथा उत्साहपुर्ण सहभागीताको परिणामले नै हामी उत्साहित भएका छौं । यो सरकार जगदुल्लावासीको आशा र भरोसाको केन्द्रविन्दु हो । हामी जगदुल्लाका जनताले पाउने सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो, भरपर्दो र गुणस्तरीय बनाउन हरपल प्रयत्नरत छौं । हाम्रो कामले नागरिकको मुहार उज्यालो पार्ने लक्ष्य रहेको छ । जगदुल्लाका नागरिकको सर्वोत्तम हित र अग्रगामी प्रगतिका लागि यो सरकार प्रतिवद्ध रहेको व्यहोरा दृढ विश्वास दिलाउन चाहन्छु ।

**अध्यक्ष महोदय**,

**अब म आ को ०८४/२०८३ .व.बजेट तर्जुमाका आधारहरू प्रस्तुत गर्न चाहन्छु ।**

६. यो बजेट निर्माण गर्दा नेपालको संविधानको अनुसूची ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरू, मौलिक हकहरू, राज्यका निर्देशक सिद्धान्त र नीतिहरू, संघीय सरकारले अंगिकार गरेको सोह्रौं आवधिक योजनाले निर्धारण गरेको लक्ष्य र नीतिहरू, दिगो विकासका लक्ष्यहरू, नेपाल सरकारको आको बजेट ०८४/२०८३ .व., नीति तथा कार्यक्रम, कर्णाली प्रदेशको आको बजेट ०८४/२०८३ .व., नीति तथा कार्यक्रम स्थानीय , सरकार संचालन ऐन, २०७४ का विभिन्न प्रावधान, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७५, गाउँपालिकाको आवधिक योजना , मध्यमकालीन खर्च योजना ,संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्ग निर्देशनहरू, माननीय संसदज्यूहरू, विभिन्न राजनैतिक दल तथा सरोकारवालाहरूबाट प्राप्त राय सुझावहरू, स्थानीय राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति तथा विषयगत समितिहरूबाट प्राप्त राय, सल्लाह सुझावहरू, लेखा परीक्षण प्रतिवेदन, सामाजिक परीक्षण प्रतिवेदन लाई आधारमा लिइएको छ त्यसैगरी आर्थिक ऐन, बिनियोजन विधेयक, राजनैतिक दल, पेशाकर्मी,

व्यवसायी, बुद्धिजीवीका राय सुझावलाई समेत मार्गदर्शनको रुपमा लिएको छु

**अध्यक्ष महोदय,**

**अब म जगदुल्ला गाउँपालिकाको आ.ब. २०८२/०८३ को वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्थाको संक्षिप्त समिक्षा सम्मानीत सभा समक्ष पेश गर्न चाहन्छु ।**

७. आ.व. **२०८२/०८३** को बजेट समयमा नै २०८२ आषाढ १० गते पारित गरेका थियौं । गत आर्थिक वर्षको बजेट ३४ करोड ७ लाख ९५ हजार ५६ रुपैया कुल बजेट विनियोजन गरेका थियौ । अधिकांस शीर्षक र क्षेत्रमा बिनियोजन भएका योजनाहरुको सक्षम नेतृत्वका सचेत नागरिक, कुशल कर्मचारीका कारण हाामीले गत आ.ब. का अधिकांश योजनाहरु कुशलतापुर्वक सम्पन्न गरेका छौ ।

**अध्यक्ष महोदय,**

**अव म आगामी आ.व २०८३/०८४ को बजेट सिमा उल्लेख गर्ने अनुमति चाहन्छु**

८. आन्तरिक आय बैंक मौज्दात सहित ७२ लाख, नेपाल सरकार राजश्व वांडफांडबाट प्राप्त आय ५ करोड ७५ लाख ३२ हजार, नेपाल सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान ७ करोड ५९ लाख, कर्णाली प्रदेश सरकारबाट प्राप्त वित्तिय समानीकरण अनुदान ५३ लाख ३९ हजार, त्यसै गरी संघीय सरकार ससर्त अनुदान तर्फ ८ करोड ७४ लाख, प्रदेश सरकार शसर्त अनुदान तर्फ १ करोड ४८ लाख ३२ हजार, संघीय सरकारबाट समपुरक अनुदान २ करोड ४८ लाख ,र प्रदेश सरकारबाट समपुरक अनुदान ७० लाख, संघीय सरकार विशेष अनुदान १ करोड ८० लाख र प्रदेश सरकार विशेष अनुदान ३५ लाख, प्रदेश सरकार राजस्व बाँडफांड ६ लाख ३३ हजार ३६ रुपैंया ६० पैसा प्राप्त हुने अनुमान गरी आगामी आर्थिक वर्षको जम्मा बजेट सिमा रकम रु ३० करोड २१ लाख ३६ हजार ३६ रुपैंया ६० पैंसा कायम गरेको छु ।

जसअन्तर्गत

- पुँजीगत तर्फ रु १३ करोड १३ लाख ६० हजार
- चालु तर्फ रु १७ करोड ७ लाख ७६  हजार ३६ रुपैयाँ ६० पैसा बिनियोजन गरेको छु ।
- हाल हाम्रा सामु धेरै आवश्यकता छन् । सिमित स्रोत साधनको उच्चतम उपयोग गरी हाम्रा प्राथमिकता प्राप्त योजनामा प्रभावकारी उपयोग गर्नु नै हाम्रो कर्तव्य हो ।

**अध्यक्ष महोदय,**

**अव म आर्थिक वर्ष २०८३/०८४ को बजेटका उद्‌देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चहान्छु ।**

९. **<u>बजेटका उद्‌देश्यहरु</u>**

**क) आर्थिक समृद्धि हासिल गर्ने,**

**ख) भौतिक पुर्बाधारले सम्पन्न जगदुल्ला निर्माण गर्ने,**

**ग) जनताको जिवन स्तरलाई उन्नत पार्ने,**

**घ) बेरोजगारी न्युनिकरण गर्ने,**

**ङ) समाजबाद उन्मुख सामाजिक तथा आर्थिक संरचना तयार गर्ने,**

**च) सार्वजनिक सेवा प्रवाहको गुणस्तर वढाउदै सार्वजनिक उत्तरदायित्व सुनिश्चित गरी सुशासन कायम गर्ने ।**

**छ) बिपत ब्यबस्थापन तथा जोखिम न्यूनीकरण गर्ने**

१०. **<u>आर्थिक बर्ष २०८३/०८४ को बजेटका प्राथमिकताहरु</u>**

क) सडक, यातायात, खानेपानी, सिचाई, उर्जा, जलश्रोत, सहरी पुर्वाधार, सुचना संचार तथा  प्रविधि जस्ता भौतिक पुर्वाधारको द्रुत विकास गर्ने ।

ख) कृषि, बन, जडिबुटी, पर्यटन र उद्‌योगको समुचित विकास गर्ने ।

ग) शिक्षा स्वास्थ्य र खेलकुद जस्ता सामाजिक क्षेत्रको विकास गर्ने ।

घ) शान्ति सुरक्षा र सार्वजनिक सेवाको गुणस्तरमा बृद्धि गर्दै नागरिकलाई शुसासनको प्रत्याभुति दिलाउने ।

ङ) पछि परेका महिला, दलित, जनजाती अल्पसंख्यक, अपांगता भएका व्यक्तिहरुलाई समतामुलक सशक्तिकरण गर्ने ।

च) स्थानीय सरकार संचालन सम्बन्धि आवश्यक कानुनहरु निर्माण गर्ने ।

छ) जगदुल्लाको समग्र विकासको मार्गचित्र तयार गरी गरीवि र पछ्यौटेपन न्युनिकरण गर्ने

ज) प्रशासन संयन्त्र र जनशक्तिको कार्यदक्षता वढाउन प्रशासनिक व्यवस्थापन र क्षमता विकास गराउने ।

**अब म सम्मानित सभा समक्ष आगामी आ.व. २०८३/०८४ को योजना तथा बजेट पेश गर्ने अनुमति चाहान्छु ।**

**आर्थिक विकास**

११. आर्थिक विकासका लागि जनताको आर्थिक क्षमता बढाउन आम्दानी र बचत बढाउन आवश्यक हुन्छ । आर्थिक विकासका लागि जनताको आर्थिक क्षमता बढाउन बिगत आ.ब. देखि सुरु भएका कार्यक्रमलाई निरन्तरता दिइनेछ । जसका लागि एकमुस्ट रु १ करोड ८४ लाख ६६ हजार विनियोजन गरेको छु ।

**कृषि**

१२. आगामी आर्थिक वर्षमा जगदुल्ला गाउँपालिकालाई स्याउ र ओखरको बगैचाको रुपमा पूर्णरुपमा विकास गरीनेछ । कृषि समूहमा आवद्ध भएका कृषकहरुलाई स्याउ र ओखरको बेर्ना लगायत अन्य थप कृषि सम्बन्धि क्रियालप र कार्यक्रमका साथ् पकेट क्षेत्र संचालन गरिने छ । जसका लागि रु ७८ लाख ३५ हजार विनियोजन गरेको छु ।

**पशु विकास**

१३. गाउँपालिका भित्र रहेका विभिन्न सात वटा पशु चरण क्षेत्रहरुमा आधुनिक र सुविधा सम्पन्न पूर्वाधार निर्माण लगायत पशुपन्छी विकास कार्यक्रम गरिनेछ । जसको लागि ३३ लाख बजेट विनियोजन गरेको छु । गाउँपालिका भित्र रहेका सम्पूर्ण पशुपंक्षीको तथ्याङ्क संकलन गरिने छ । पशुपालन गर्ने किसानहरुलाई पशुपालन सम्वन्धी तालिम दिनकोलागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१४. पशुहरुलाई लाग्ने विभिन्न प्रकारका रोग तथा महामारी नियन्त्रण गर्न औषधि खरिदकालागि आवश्यक औषधि खरिद गर्नकोलागि आवश्यक बजेट विनियोजन गरेको छु

१५. विषय क्षेत्रगत रुपमा हस्तान्तरण भई आएका कृषि तथा पशु विकास कार्यक्रमलाई निरन्तरता दिई कृषि तथा पशुपालनलाई आधुनिककरण र ब्यवसायीक बनाउदै गाउँपालिकालाई तरकारी, मासु, दुध र अण्डा उत्पादनमा आत्मनिर्भर बनाउने व्यवस्था मिलाएको छु ।

**उद्योग**

१६. लघु, घरेलु तथा साना उद्योगको विकास र विस्तार गरिनेछ । जडिबुटि प्रसोधन उद्योग, डेरी उद्योग, र अल्लो उद्योगलाई प्रोत्साहन गरिनेछ । परम्परागत सीपमूलक उद्योगहरुलाई संरक्षण गरिने छ । सरकारी, निजी तथा सहकारीको माध्यमद्वारा स्रोत परिचालन गरी गरिवी न्यूनीकरणका लागि रोजगार सृजना गरिनेछ । स्थानीय श्रम, सीप र पूँजीलाई अधिकतम परिचालन गरी स्थानीय अर्थतन्त्रको प्रमुख स्तम्भको रुपमा स्थापित गरिनेछ । जसको लागि २८ लाख ३१ हजार बजेट विनियोजन गरेको छु ।

**पर्यटन**

**१७.** चुकेनि तटवन्धन तथा पर्यटन विश्रमस्थल निर्माण , जगदुल्ला ताल, त्रिपुरा हिमाल, कांसेराल्बो हिमाल, पाइले हिमाल, तिनमुली तिर्थ स्थल जस्ता

ठाउँहरुमा पुग्नकोलागि सिढी सहितको पैदल मार्ग निर्माण गर्न प्रारम्भिक अध्ययन गर्नको लागि आवश्यक व्यवस्था गरिने छ । पर्यटन क्षेत्रको लागि २५ लाख  बजेट विनियोजन गरेको छ ।

**व्यापार**

१८. जगदुल्ला गाउँपालिका भित्र कानुनी रुपमा दर्ता भई चालु आ.व.मा गाउँपालिमा दर्ता भएका उत्कृष्ट व्यवसायीहरुलाई प्रोत्साहन गरिनेछ ।

**पूर्वाधार विकास**

१९. समग्र पुर्बधार बिकासको लागि रु जसका ९ करोड ५ लाख ६० हजार बजेट विनियोजन गरेको छ।

**भवन निर्माण**

२०. आगामी आ.ब.मा गाउँपालिकाको आबसको  निर्माण कार्य  सुचारु गरिने छ । जसकोलागि संघीय सरकारसंग श्रोत सुनिस्चितता गरिने छ ।समग्र भवन आवास तथा शहरि विकास तर्फ ४ करोड ९१ लाख बजेट विनियोजन गरेको छ ।

**उर्जा**

२१. गाउँपालिकामा संचालित लघु जलविद्युत आयोजनाहरुको स्तरोन्नती तथा मर्मत सम्भार र विद्युत महशुल बापत रु ३२ लाख व्यवस्था गरेको छ ।

**सूचना प्रविधि, संचार तथा तथ्यांक व्यवस्थापनः**

**२२.** नागरिकलाई सूचना प्रदान गर्न र गाउँपालिकाका गतिविधिहरुको  प्रसारण गर्न एफ. एम. रेडियोमा गाउँबासीको पहुँच सुनिश्चित गरिने छ । प्रत्येक वडा कार्यालय र विद्यालयहरुमा रहेको फ्रि वाईफाईलाई गुणस्तरीय बनाउन पहल गरिने छ । गाउँपालिकाको वेवसाईटलाई पूर्ण रुपमा अद्यावधिक गरी गाउँबासीले गुनासो गर्न सक्ने र गाउँपालिकाका गतिविधीहरूका बारेमा घरमै बसी जानकार हुने ब्यवस्था गरिने छ । जसको लागि  आवश्यक रकम विनियोजन गरेको छ ।

## सामाजिक विकास

### शिक्षा

२३. शिक्षा क्षेत्रको समग्र बिकासका लागि रु ७ करोड ८३ लाख ८५ हजार रकम बिनियोजन गरेको छु ।

२४. सामुदायिक विद्यालयहरुमा अंग्रेजी भाषाको माध्यमबाट भइरहेको पठनपाठनलाई सहज, व्यवस्थित, प्रभावकारी र नतिजामूलक गराउन शिक्षकहरुका लागि आवश्यक तालिम उपलब्ध गराइने छ । जसको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

२५. यस गाउँपालिका भित्रका विद्यालयहरूमा शिक्षालाई प्रविधीसंग जोड्दै नमुनाका रुपमा ई–कक्षा कार्यक्रम लागू गरिनेछ । प्रथम चरणमा विद्युत आपूर्ती नियमित हुने प्राथमिक विद्यालयबाट यस कार्यक्रमको शुरुवात गर्ने गरी कक्षा कोठामा ल्यापटप, प्रोजेक्टर, स्मार्ट बोर्ड र स्पिकरको व्यवस्था गरिनेछ । जसकोलागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।

२६. जग बलियो नभए सम्म घर बलियो हुँदैन, त्यसैले ईसिडि देखि नै बालबालिकाको जग बलियो बनाउन इसिडिमा अध्यापन गराइरहेका सहायक कर्मचारीहरुलाई मौद्रिक रुपमा उत्प्रेरित गरिनेछ ।

### आधारभूत स्वास्थ्य तथा सरसफाई

२७. स्वास्थ्य क्षेत्रको समग्र बिकासका लागि रु २ करोड १७ लाख रकम बिनियोजन गरेको छु ।

२८. स्वास्थ्य संस्थाहरुमा आवश्यक पर्ने औषधि तथा सामग्रीहरु खरिदका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२९. बहुक्षेत्रीय पोषण र स्वच्छता कार्यक्रमको लागि म्याचिङ फण्डको व्यवस्था मिलाएको छु ।

३०. बिपन्न नागरिकको स्वास्थ बिमा नविकरण तथा निरन्तरताको लागि रु ९ लाख बजेट व्यवस्था गरेको छु

**लैगिक समानता तथा सामाजिक समावेशीकरण**

३१. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण क्षेत्रको समग्र बिकासका लागि रु ५३ लाख ३९हजार रकम बिनियोजन गरेको छु ।

**३२.** गाउँपालिका क्षेत्र भित्रका सबै जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुलाई सम्मान गरिनेछ । समुदायमा लैगिंकहिंसा मुक्त, छुवाछुत मुक्त, जातीय भेदभाव मुक्त, जुवातास मुक्त, लागूऔषध लगायत दुर्व्यसन मुक्त, अन्धविश्वास तथा कूप्रथा मुक्त बनाउन समुदायलाई नै अग्रसर बनाइने छ ।

**युवा तथा खेलकुद विकास**

३३. गाउँपालिका स्तरीय खेलकुदका प्रतियोगिता संचालन गरिनेछ। जसको लागि आवश्यक बजेट विनियोजन गरेको छु । जगदुल्ला गाउँपालिका वडा नं २ स्थित (र्याले चौरलाई खेल मैदानलाई बहुउद्देश्सीय रंगशाला निर्माणका लागि कर्णालि प्रदेश सरकारसंग समन्वय गरि निर्माण सम्पन्न गर्ने ब्यवस्था मिलाईनेछ ।समग्र खेलकुद क्षेत्रको विकासको लाग रु ५ लाख रकम विनियोजन गरेको छु ।

**सहकारी**

३४. सहकारीलाई आर्थिक विकासको निम्ति स्थानीय श्रम, सीप र स्रोत परिचालन गराउने माध्यमको रुपमा प्रयोग गरिनेछ । सहकारीको संख्यात्मक भन्दा गुणात्मक विकासमा जोड दिईनेछ । कृषि सहकारीलाई उत्पादन, प्रशोधन र बजारिकरण गर्नलाई प्रोत्साहित गरिने छ । सहकारी मार्फत फलफुल तथा तरकारीका विउ विजन वितरण गर्ने व्यवस्था मिलाएको छ । परम्परागत घरेलु र लघु उद्यमहरूको विकास गर्न सहकारीलाई प्रयोग गर्ने व्यवस्था मिलाएको छु ।

**वातावरण**

३५. जगदुल्ला गाउँपालिकालाई हरियाली तथा स्वच्छ गाउँ बनाउन गाउँपालिकाको सहायक सडकहरु तथा चौरीकोट देखि हुरिकोट, काइगाउँसम्म मूल सडक छेउमा वृक्षारोपण गरिने छ । सम्पूर्ण वडाहरुको फोहोर व्यवस्थापन गर्नकोलागि उपयुक्त स्थानमा डम्पिङ साइटको खोजी गरी आगामि आर्थिक वर्षमै डम्पिङ साइट निर्माणको काम अगाडि बढाउन पहल गरिने छ ।

**पूर्वाधार विकास**

**सडक तथा यातायात व्यवस्था**

**फराकिला सडक भएको भविष्यको जगदुल्ला सहर**

**आधुनिक मापदण्डका सडक बनाउने हाम्रो रहर**

३६. जगदुला गाउँपालिकाको केन्द्रबाट सम्पूर्ण वडाहरु जोड्ने सडकमा ग्राभेल, नाली तथा ढल निकास निर्माण गर्दै लगिनेछ । गाउँपालिका भित्रका अन्य सडकहरूलाई पनि क्रमशः ढल निकास सहित स्तरोन्नती गर्ने कार्यलाई अभियानको रुपमा अघि बढाईने छ जसका लागि आवश्यक बजेट बिनियोजन गरेको छु भने सडक नपुगेका स्थानहरुमा मात्र नयाँ ट्र्याक खोलिने छ । आफ्नै मेसिनको प्रयोगबाट गाउँपालिका भित्र रहेका सडक तथा अन्य पूर्वाधार निर्माण तथा मर्मत न्यून लागतमा गरिनेछ ।

**खानेपानी र सिंचाई**

**सरसफाई, फोहोर मैला तथा बजार ब्यवस्थापनस्**

३७. हरेक टोलबाट फोहर संकलन गर्नुपर्ने घरहरूको लगत लिई सोही अनुरुप फोहोर व्यवस्थापन गरिनेछ । गाउँपालिकाको उपयुक्त स्थानमा डम्पिङ्ग साईटको निर्माण गर्न सम्भाव्यता अध्ययन गरिने छ । गाउँपालिका भित्रका ढुंगा सोईलिंग नभएका बस्तिहरुमा ढलनिकास तथा ढुंगा सोईलिंग गरि सरसफाई व्यवस्थापन गरिने छ ।

**सार्वजनिक सेवा प्रवाह र सुशासन तर्फ**

**३८.** गाउँपालिका अन्तर्गतका ६ वटै वडा कार्यालयहरूलाई छिटो, छरितो, चुस्त, दुरुस्त र प्रभावकारी रुपमा सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ । जनताले भेट्ने पहिलो सरकारलाई जनताको पक्षमा क्रियाशील हुन साधन स्रोतले सम्पन्न गराइनेछ । साथै कार्यालयहरुको भवन निर्माणको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३९. स्थानीय सेवाप्रवाहको गुणस्तर र सुशासनमा उच्च जोड दिदै वित्तीय अनुशासन तथा परियोजना अनुशासनमा रहेर वडा तहदेखि नै हरेक काम कारवाही अगाडि बढाइनेछ । स्थानीय सरकारबाट प्रदान गरिने सेवालाई जनउत्तरदायी बनाउन गाउँपालिका अन्तर्गतका कार्यालय, विषयगत शाखाहरू र प्रत्येक वडा कार्यालयहरूमा पारदर्शी कार्यप्रणाली, हेल्पडेस्क, नागरिक वडापत्र, अनुगमन संयन्त्र, सार्वजनिक सुनुवाई र गुनासो पेटिकाको व्यवस्था गरिने छ । गाउँपालिकाको वेवसाईट तथा सामाजिक संजाल मार्फत कार्यालयका सबै गतिविधिहरूलाई अद्यावधिक गरी सार्वजनिक गर्ने कार्यलाई थप प्रभावकारी बनाईने छ ।सेवाग्राहीको काममा बाधा पर्ने गरि आफ्नो कार्यकक्ष नछोड्ने र अत्यन्त जरुरी परेमा वैकल्पिक व्यवस्था गरेर मात्र कर्मचारीले कार्यालय छोड्ने व्यवस्था गरिनेछ ।

४०. आय, व्यय र भौतिक प्रगति विवरणहरूलाई मासिक, चौमासिक र वार्षिक रुपमा स्थानीय तहको कार्यालयमा सबैले देख्ने गरी अनिवार्य रुपमा सार्वजनिक गराउने व्यवस्था गरिनेछ । गाउँपालिकाका पदाधिकारी र कर्मचारीको लागि आचार संहिता तयार गरी लागू गरिनेछ । कर्मचारीहरूको कार्यसम्पादनको आधारमा पुरस्कार र दण्डको व्यवस्था गरिनेछ । जनप्रतिनिधि एव कर्मचारीहरूको पेशागत क्षमता र दक्षता वढाउनको लागि क्षमता अभिवृद्धिका कार्यक्रमहरू संचालन गरिनेछ ।

४१. कर्मचारीहरु तथा जनप्रतिनिहरुको तलब भत्ता, सेवा सुबिधा, बैठक भत्ता, अनुगमन मूल्यांकन खर्च, भ्रमण खर्च, कर्मचारि प्रोत्साहन भत्ता, फिल्ड भत्ता, कार्यालय संचालन तथा ब्यबस्थापन, सेवा परामर्श, अन्य सेवा शुल्क लगायत सार्वजनिक सेवा प्रवाह र सुशासन तर्फ रकम रु ५ करोड ८१ लाख ६५ हजार ३६ रुपैंया बिनियोजन गरेको छु ।

**विपद व्यवस्थापन**

४२. गाउँपालिका क्षेत्र भित्रका जलाधार संरक्षण, जैविक विविधता संरक्षण, वृक्षारोपण, रैथाने जीवजन्तु, रैथाने खाद्यबाली र वनस्पतिको संरक्षणका लागि आवश्यक कार्यक्रम तयार गरी कार्यान्वयन गरिनेछ । कृषि, बन र वातावरणवीचको अन्तरसम्बन्धलाई जनस्तरमा लैजान सचेतनाका कार्यक्रमहरू सञ्चालन गरिनेछ । वन संरक्षण तथा वनको दीगो व्यवस्थापन र उपयोग गरी वनजन्य उद्योगको प्रवर्धन गर्ने, जडिवुटी खेतीको विस्तार गर्ने, तथा भू-संरक्षण र जलाधार व्यवस्थापन गरिनेछ । समुदायको सक्रियतामा सडकको दायाँ बाँया बृक्षारोपण गरी हरियाली प्रवद्र्धन गर्ने कार्यमा टोलसुधार समितिहरुलाई प्रोत्साहित गरिने छ । गाउँपालिका प्रमुखको अध्यक्षतामा सरोकारवाला सवैको योगदान रहने गरी "गाउँपालिका प्रमुख विपद्व्यवस्थापन कोष" स्थापना गरिनेछ र संचालनका लागि कार्यविधि निर्माण गरिनेछ । यस कार्यक्रमको लागि १० लाख विनियोजन गरेको छु ।

**न्याय कानून तथा मानव अधिकार प्रवर्धन तथा मेलमिलाप**

४३. कसैप्रति पनि कुनै पूर्वाग्रह नराखी मानवीय मूल्य, मर्यादा र गरिमाको सम्मान गर्दै अरूको व्यक्तित्व र अस्तित्वको सदैव कदर गरिनेछ । आफ्नो अधिकार क्षेत्र भित्रका विवाद व्यवस्थापन गर्ने सम्बन्धमा कार्यविधि निर्माण गरी विवाद व्यवस्थापन गर्ने कार्यको सुरुवात गरिनेछ । गाउँपालिकाको न्यायिक समिति मार्फत विवादहरूको व्यवस्थापन र मेलमिलाप सम्बन्धी कार्यहरू

सञ्चालन गरी स्थानीय न्यायप्रणालीलाई प्रभावकारी बनाईने छ । छिटो, छरितो र सुलभ न्याय प्रणालीको विकास गर्दै असहायलाई निःशुल्क न्याय प्रदान गर्न व्यवस्था मिलाईनेछ । न्यायिक समितिलाई थप व्यवस्थित गरिनेछ । जसकोलागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**योजना, अनुगमन तथा मूल्यांकन**

४४. योजना निर्माणको चरणदेखि स्रोत परिचालन, कार्यान्वयन र अनुगमनसम्म स्थानीय जनसमुदायको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ ।

४५. स्थानीय तहबाट सञ्चालन हुने आयोजनाहरूको छनौट गर्दा क्रमागत आयोजनाहरू सम्पन्न गर्ने गरी र नयाँ आयोजनाको हकमा विस्तृत डिजाइन र लागत अनुमान तयार भइसकेकोलाई बजेट व्यवस्था गर्न उच्च प्राथमिकता दिइनेछ । चालु वर्षको बजेट कार्यान्वयन शीघ्ररुपमा अघि बढाइनेछ र महत्वपूर्ण आयोजनाहरूको कार्यान्वयनलाई तीब्रता दिइनेछ । वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा सहभागितामूलक योजना तर्जुमा प्रकृयाको अवलम्बन गरिनेछ । जवाफदेहीपूर्ण योजना तर्जुमा गरी स्थानीय तहमा सञ्चालित योजना र कार्यक्रमको सार्वजनिक सुनुवाइ गरिनेछ ।

**गाउँ सभाका अध्यक्षज्यु, गाउँसभाका सदस्यज्युहरु, अब म श्रोतगत, क्षेत्रगत, र योजनागतरुपमा बिनियोजन भएका योजनाहरुको बिस्तृतरुपमा प्रस्तुत गर्न अनुमति चाहन्छु**

| **सि.न.** | **योजनाको नाम र ठेगाना** | **रकम रु.** |
|---|---|---|
| १ | वडा कार्यालय भवन निर्माण क्रमागत | १ करोड ५० |
| २ | थापागाउँ तिनमुलि सिंढी निर्माण वडा नं ३(संघीय समपुरक म्याचिङ सहित) | १ करोड ७१ लाख ६० हजार |
| ३ | दलित आवाशिय छात्राबास ब्यावस्थापन | ३५ लाख |
| ४ | विपद ब्यावस्थापन कोष | १० लाख |
| ५ | पाँचसैया अस्पताल निर्माण (संघीय समपुरक सहित) | १ करोड २६ लाख |

| सि.न. | योजनाको नाम र ठेगाना | रकम रु. |
|---|---|---|
| ६ | शैक्षिक सुधार कार्यक्रम (संघीय विशेष अनुदान) | १ करोड ८० लाख |
| ७ | खेलकुद विकास कार्यक्रम | ५ लाख |
| ८ | कृषि विकास कार्यक्रम | ३५ लाख |
| ९ | पशु विकास कार्यक्रम | २५ लाख |
| १० | उद्यम विकास शाखा | ५ लाख |
| ११ | आयुर्वेद शाखा | ५ लाख |
| १२ | प्राविधिक शाखा | १० लाख |
| १३ | पञ्जिकरण शाखा | ५ लाख |
| १४ | वहुक्षेत्रिय पोषण कार्यक्रम | ५ लाख |
| १५ | पर्यटन पर्वदन कार्यक्रम | ५ लाख |
| १६ | सुचना प्रविधि शाखा | २ लाख |
| १७ | संञ्चार | ३ लाख |
| १८ | घरेलु | ८० हजार |
| १९ | MDI | २ लाख |
| २० | E हाजिरी | ११ लाख |
| २१ | न्यायिक समिति | ३ लाख |
| २२ | विद्युत मर्मत | ५ लाख |
| २३ | विद्युत महसुल | ७ लाख |
| २४ | वडा कार्यालय व्यवस्थापन | ३० लाख |
| २५ | विपद पुर्वाधार तथा खानेपानि मर्मत | १ करोड |
| २६ | ईन्धन | १० लाख |
| २७ | आ व ०८२/०८३ को अपुग तलव भत्ता शिक्षा तर्फ | १६ लाख१६ हजार २ सय १४ |
| २८ | चालु आ व शिक्षा तर्फको तलव भत्ता | ५५ लाख ८३ हजार ७८६ |
| २९ | स्वास्थ्य तर्फ | १५ लाख |
| ३० | कोटछाँचु एकिकृत बस्ति विकास | २ करोड २० लाख |
| ३१ | स्वास्थ्य विमा निरन्तरता कार्यकार्यक्रम | ९ लाख |
| ३२ | थाप्लिकाटा मुहुने छाचु सडक स्तरोन्नति (प्रदेश म्याचिङ सहित) | ९१ लाख |

| सि.न. | योजनाको नाम र ठेगाना | रकम रु. |
|---|---|---|
| ३३ | दोसाङ्टा नदि नियन्त्रण जगदुल्ला गाउँपालिका ०२ | २० लाख |
| ३४ | माईपुज्ने ढिक देखि न्यान देउला सम्म तटबन्धन निर्माण,जगदुल्ला गाउँपालिका ०३ | २० लाख |
| ३५ | भेन्दाङ भु संरक्षण योजना जगदुल्ला गा पा १ | २० लाख |
| ३६ | सुवाकोटि महिला सहकारी फुँजि स्याउ योजना(उत्पादन) जगदुल्ला ४ | २० लाख |
| ३७ | चुकेनि तटवन्धन तथा पर्यटन विश्राम स्थल निर्माण योजना जगदुल्ला ५ | २० लाख |
| ३८ | गौरिखालि तटवन्धन तथा भु संरक्षण योजना निर्माण जगदुल्ला ६ | २० लाख |
| ३९ | तल्लो मुहुनेखोला खानेपानी निर्माण जगदुल्ला ५ | २० लाख |
| ४० | कर्णाली प्रदेश सरकारको सुत्केरी पोषण कोसेलि कार्यक्रम | १ लाख |
| ४१ | स्वास्थ्य स्वयम सेविकालाई प्रोत्साहन भत्ता (प्रदेश) | ४ लाख ३२ हजार |
| ४२ | सामुदायिक स्वास्थ्य ईकाई, सहरी स्वास्थ्य वर्थिङसेन्टर सुधार जगदुल्ला ५ (प्रदेश) | ३ लाख |
| ४३ | नैला मन्दिर निर्माण जगदुल्ला ५ गैरिगाउँ | ४ लाख |
| ४४ | महारुद्र धारादेखि माई मन्दिर सम्म सिढि निर्माण | २ लाख |
| ४५ | रागामाछिल्ला मन्दिर निर्माण जगदुल्ला ६ झ्याकोट | १ लाख |
| ४६ | छाचु टोल सरसफाई जगदुल्ला ४ | १ लाख |
| ४७ | हुरिकोट टोल सरसफाई जगदुल्ला १ | १ लाख |
| ४८ | जातिगत पहिचान तथा प्रवर्दन कार्यक्रम जगदुल्ला १ हुरिकोट | ३ लाख |
| ४९ | सिमदेवता मन्दिर निर्माण जगदुल्ला २ | २ लाख |
| ५० | भैरम मन्दिर निर्माण जगदुल्ला ३ | ३ लाख |
| ५१ | सामलिङ गुम्वा व्यावस्थापन तथा सामाग्रि खरिद जगदुल्ला ४ | ३ लाख |
| ५२ | छोगाङ निर्माण तथा रङरोगन जगदुल्ला ६ | १ लाख |
| ५३ | महिला | २४ लाख |
| ५४ | वालवालिका | १लाख ३९ हजार |

| सि.न. | योजनाको नाम र ठेगाना | रकम रु. |
|---|---|---|
| ५५ | अपाङ्गग | २ लाख |
| ५६ | जेष्ठनागरिक | ५ लाख |
| ५७ | युवा रोजगार म्याचिङ | १० लाख ६० हजार |
| ५८ | कर्मचारिहरु तथा जनप्रतिनिहरुको तलब भत्ता, सेवा सुबिधा, बैठक भत्ता, अनुगमन मूल्यांकन खर्च,भ्रमण खर्च, कर्मचारी प्रोत्साहन भत्ता, फिल्ड भत्ता, कार्यालय संचालन तथा ब्यबस्थापन, सेवा परामर्स, अन्य सेवा शुल्क लगायत सार्वजनिक सेवा प्रवाह र सुशासन | ५ करोड ८१ लाख ६५ हजार ३६ रुपैंया |
| ५९ | संघीय सरकार ससर्त एकमुष्ट | ८ करोड ७४ लाख |
| | कूल जम्मा | ३० करोड २१ लाख ३६ हजार ३६ रुपैया ६० पैसा |

धन्यवाद